देवचुली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
दर्ता नं. :
मिति :

प्रदेश सरकार
गण्डकी प्रदेश
# सामाजिक विकास मन्त्रालय
पोखरा, नेपाल

# तालिम संचालनको लागी सूचिकृत हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/१२/१३ गते

यस मन्त्रालयबाट चालु आ.व. २०७७/७८ मा संघीय शसर्त र प्रदेशको कार्यक्रम अन्तर्गत तपसिलका विषयहरुको तालिम ४२ घण्टादेखि ३९० घण्टासम्म संचालन गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक फर्म, कम्पनी, तथा तालिम प्रदायक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनको कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिन) यस मन्त्रालयमा सुची दर्ता गराउन सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क. र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**तालिमका क्षेत्र र विषयहरु:**

| क्र.स. | तालिमको क्षेत्र | विषयहरु |
|---|---|---|
| १. | निर्माण क्षेत्र | मेसन, प्लम्बिङ्ग, अटोमेकानिकल, विद्युत जडान, मोटरसाईकल मर्मत, मोबाईल, कम्प्यूटर मर्मत, रेडियो, टि.भी. ए.सी./फ्रिज मर्मत, कम्प्यूटर हार्डवेयर, पम्पसेट, टायल मार्बल, आल्मुनियम फिटिङ्ग, वेल्डिङ्ग, पावर टिलर मर्मत, फर्निचर मेकिङ्ग, सिकर्मी, डकर्मी, ड्राईभिङ्ग आदि । |
| २. | कृषि क्षेत्र | तरकारी खेती, कुखुरा पालन, बाख पालन, च्याउ खेती, मौरी पालन, अदुवा खेती, अल्लो प्रशोधन, हाते कागज निर्माण, बेसार प्रशोधन, कृषि कार्यकर्ता, पशु कार्यकर्ता आदि । |
| ३. | सेवा क्षेत्र | ब्यूटी पार्लर, मन्टेश्वरी तालिम, हलुका सवारी चालक तालिम आदि । |
| ४ | कला क्षेत्र | डल निर्माण, बाँसबाट निर्मित सामान बनाउने, बार्बर आदि । |
| ५. | पर्यटन क्षेत्र | कुक, वेटर, होमस्टे आदि । |
| ६ | होजियारी तथा पोशाक | सिलाई कटाई, ढाका बुनाई, फेशन डिजाईन, भेडाको ऊन, अल्लोबाट विभिन्न सामाग्री उत्पादन, आदि । |

**योग्यता/शर्तहरु:**

१. कम्पनी दर्ता वा नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको हुनु पर्नेछ ।
२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र लिएको हुनु पर्नेछ ।
३. आफुले संचालन गर्न चाहेको तालिमको कम्तिमा ३ वर्षको अनुभवको प्रमाणपत्र पेश गर्नु पर्ने छ ।
४. आ.व.२०७६/७७ को कर चुक्ता प्रमाणपत्र पेश गरेको हुनु पर्नेछ ।
५. आफुले संचालन गर्न चाहेको तालिम संचालन गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त गरेको हुनु पर्नेछ ।
६. तालिम संचालन गर्न कुनै सरकारी निकायले रोक नलगाएको (कालो सुची) मा नपरेको स्वघोषणा पत्र संलग्न हुनु पर्नेछ ।
७. पेश भएका कागज प्रमाणहरुमध्ये कुनै वा सबै कागज प्रमाणपत्र गलत नक्कली ठहरिएकोमा त्यसको पूर्ण जिम्मेवारी सम्बन्धित संस्था हुनेछ ।
८. सुचिकृत ईच्छुक संस्थाको आधिकारिक व्यक्ति स्वयं उपस्थित भई मिति २०७७/१२/१९ गतेसम्म कार्यालय समयभित्र दर्ता गराउनु पर्नेछ ।
९. संक्षिप्त सूचिमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरिनेछ ।

**सम्पर्क नं. ०६१-४६७९१४**